# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०७६।०३।१७

## प्रेस विज्ञप्ति

पाँचथरबाट प्रकाशित फिदिम टुडे दैनिकमा प्रकाशित समाचारलाई लिएर पाँचथर उद्योग वाणिज्य संघका अध्यक्ष र पूर्वअध्यक्षले सामाजिक सञ्जालमार्फत नकारात्मक टिप्पणी र प्रतिक्रिया दिएकोमा नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

उक्त दैनिकको २०७६ असार १२ गतेको अंकमा प्रकाशित 'स्वार्थ समूहको चंगुलमा स्थानीय सरकार' शीर्षक समाचारलाई लिएर नकारात्मक टिप्पणी र प्रतिक्रिया व्यक्त गरेका थिए ।

समाचारप्रति चित्त नबुझे या कुनै गुनासो रहे अपनाउनुपर्ने कानुनी मार्गलाई छाडेर सामाजिक सञ्जालमार्फत टीका-टिप्पणी गर्नु प्रेस स्वतन्त्रताविरोधी कार्य हो । महासंघ यस्ता घटनाको कडा भर्त्सना गर्दै सार्वजनिक रुपमा माफी मागी प्रेसको संवैधानिक अधिकारको सम्मान गर्न सम्बन्धित पक्षसँग माग गर्दछ ।

**रमेश विष्ट**
**महासचिव**

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-4112763/4112673, Fax: +977-1-4112785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org